# अफवाह, चासो र प्रत्यूक्तर

२४ मे २०२१

संस्करण ४

## अफवाह :

**अम्बाको पात हालेर तातोपानीको बाफ लिंदा कोभिड–१९ बाट बच्न सकिन्छ ।**

अम्बाको पात हालेर तातोपानीको बाफ लिंदा कोभिड–१९ बाट बच्न सकिन्छ भन्ने कुरा पुष्टि गर्ने कुनै वैज्ञानिक प्रमाण छैन ।

कोभिड–१९ बाट बच्ने र सुरक्षित रहने ज्ञात र प्रमाणित जनस्वास्थ्य समाधान भनेको मास्क लगाउने, साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने, कम्तीमा पनि २ मिटरको भौतिक दूरी कायम गर्ने र कोभिड–१९ विरुद्धको खोप लगाउने हो ।

## चासो :

**म्यूटेसनले अहिलेको कोभिड–१९ विरुद्धको खोपलाई एक बर्ष वा त्यो भन्दा कम समयमा प्रभावहीन बनाइदिनसक्छ ।**

यस बारेमा हाल कुनै जानकारी छैन । हाल देखापरिरहेका नयाँ भेरियन्टहरुविरुद्ध कोभिड–१९ खोपको प्रभावकारिताबारे अनुसन्धान जारी छ ।

हाल प्रयोग भइरहेका मान्यताप्राप्त कोभिड–१९ खोपहरु कोभिड–१९ विरुद्ध प्रभावकारी रहेका छन् र सबैभन्दा महत्वपूर्ण के हो भने कोभिड–१९ ले निम्त्याउने गम्भीर रोगहरुविरुद्ध सुरक्षा प्रदान गर्न ती धेरै प्रभावशाली छन् । त्यसैकारण मास्क लगाउने, हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने, र कम्तीमा पनि दुई मिटरको भौतिक दूरी कायम गर्ने जस्ता जनस्वास्थ्यका मापदण्डको निरन्तर पालनाका अतिरिक्त, कोभिड–१९ विरुद्धको खोप लगाउनु महत्वपूर्ण छ ।

## चासो :

**धेरै युरोपेली मुलुकहरु, र क्यानडाले रगत जम्ने समस्या र अन्य कारणहरुले गर्दा खोप अभियान स्थगित गरेका छन् ।**

केही युरोपेली र अन्य मुलुकहरुले अक्फोर्ड/एस्ट्राजेनेका खोप लगाउने कार्यलाई केही समयका लागि रोकेका छन् र खोप लगाएपछि देखिएको भनिएको विरलै देखिने रगत जम्ने समस्याको अनुसन्धान गरिरहेका छन् । तर त्यो समस्या खोप कै कारण हुन गएको भनी पुष्टि भैसकेको छैन । त्यस्तो रगत जम्ने समस्या सामान्य व्यक्तिहरुमा खोप नलगाउँदा पनि देखिने गर्छ । सबै ठाउँमा लगभग सबै उमेर समूहहरुमा रगत जम्ने समस्याको जोखिम भन्दा कोभिड–१९ बाट गम्भीर रुपमा विरामी पर्ने वा मृत्यु हुने जोखिम धेरै ठूलो छ ।

हाल, अक्फोर्ड/एस्ट्राजेनेका खोपको प्रयोग विश्वभरी १८८ देशहरुले गरिरहेका छन् (स्रोत : डब्लुएचओ कोरोनाभाइरस(कोभिड–१९) ड्यासबोर्ड) । र यसरी यो विश्वमा प्रयोग भएको कोभिड–१९ विरुद्ध खोपहरुमध्ये सबैभन्दा बढी प्रयोग भएको खोप हो । १९ अप्रिल २०२१ सम्ममा नेपालमा यो खोपको पहिलो डोज १८ लाख व्यक्तिले लगाइसकेका छन् ।

युरोपियन मेडिसिन एजेन्सी अनुसार खोप लगाउने व्यक्तिमा यस खोपको समग्र लाभ जोखिम भन्दा धेरै गुणा बढी छ । खोप सुरक्षासम्बन्धी डब्लुएचओको अन्तर्राष्ट्रिय परामर्श समितिको कोभिड–१९ उपसमितिका साथै अन्य संस्थाहरुले पनि एस्ट्राजेनेका खोपसँग कुनै सम्बन्ध छ कि भनेर निर्धारण गर्न यो विरलै देखिने समस्याको अनुसन्धान गरिरहेका छन् ।

## चासो :

**दुई डोज लगाउनु पर्ने चिनियाँ खोप लगाएपछि फेरी बुस्टर खोप लगाउनु पर्छ कि भनेर समीक्षा भइरहेको छ ।**

यो सबै कोभिड–१९ खोपहरुका लागि लागु हुने कुरा हो, र यसबारेमा थप अनुसन्धान भइरहेको छ । कोभिड–१९ विरुद्धको कुनै पनि खोपका लागि लगाइनु पर्ने डोजको सङ्ख्या क्लिनिकल ट्रायलको निष्कर्षमाथि निर्भर हुन्छ । थप डोज वा बुस्टर डोजको आवश्यकता विभिन्न मापदण्डका आधारमा मात्र स्थापित हुनसक्छ, जस्तैः खोपको प्रभावकारिता र दीर्घकालीन फलोअपसहित त्यसले प्रदान गर्ने सुरक्षाको अवधि ।



**स्रोत : विश्व स्वास्थ्य सङ्गठन**

**प्रश्न र जिज्ञासाहरुका लागि सम्पर्क :**

हटलाइन टेलिफोन नम्बरहरु :
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
१११५, ११३३, १०९२

UNITED NATIONS NEPAL